परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १० ❑ अंक ३७ २०७९ बैशाख ११ गते आईतवार Sunday 24, APR 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## स्थानीय तह निर्वाचनको लागि घोषणा पत्र सार्वजनिक

विराटनगर । नेकपा एमालेले स्थानीय तह निर्वाचनका लागि चुनावी घोषणा पत्र सार्वजनिक गरेको छ ।

नेपाल कम्युनिष्ट पार्टीको ७४ औं स्थापना दिवसका अवसर पारेर ललितपुरमा आयोजित कार्यक्रममा एमाले अध्यक्ष केपी शर्मा ओलीले चुनावी घोषणा पत्र शुक्रवार सार्वजनिक गरेको छ ।

घोषणापत्र सार्वजनिक गर्दै अध्यक्ष ओलीले दुरदर्शी संकल्प सहित स्थानीय तहमा एमालेलाई बहुमत दिलाउन नसके देश दुर्भाग्यमा जाने वताउँदै वताएको थियो ।



चुनावी घोषणा पत्र सार्वजनिक नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली

एमालेले स्थानीय तहमा शिक्षा सुधारको विषयलाई पहिलो प्राथमिकतामा राखेर चुनावी घोषणापत्र सार्वजनिक गर्दै घोषणापत्रमा शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्दै सामुदायिक शिक्षालाई गुणस्तरीय, सिपमूलक र जीवन उपयोगी बनाउने उल्लेख छ ।

घोषणापत्रमा स्वास्थ्यको विषयलाई महत्व दिएको छ । खानेपानी र सरसफाइ तथा उर्जाको विषयलाई एमालेले प्राथमिकताका साथ समेटेको छ । विपन्न परिवारलाई घरायसी प्रयोगका लागि बिजुली निःशुल्क उपलब्ध गराउने एमालेको योजना छ । अध्यक्ष ओलीले एमाले देशभक्त पार्टी भएकाले मुलुकको हितका लागि सधै लागिपर्ने वताए । घोषणापत्र सार्वजनिक गर्दै ओलीले सत्तारुढ

वांकी ३ पेजमा...

## लागुऔषध सहित तीन पक्राउ

झापा । झापाको मेचीनगर नगरपालिका वडा नं. १० स्थितबाट २ जना र मेचीनगर नगरपालिका वडा नं. ६ काँकरभिट्टाबाट १ जनालाई लागुऔषध सहित प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

शुक्रवार इलाका प्रहरी कार्यालय धुलाबारी र लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीनगरपालिका वडा नं. १० स्थित राजमार्गमा डब्लुवि ७४ वाई ७७८२ नम्वरको स्कुटरलाई रोकी चेक जाँच गर्दा लागु औषध फेला परेको थियो ।

स्कुटर चालक मेचीनगर पालिका वडा नं. ६ का ३२ बर्षीय निशान थापा र स्कुटर पछाडि सवार रहेकी भारत सिलिगुढी बस्ने २७ बर्षीया हेनअरा खातुनको साथबाट प्रतिबन्धित लागुऔषध निटरोसुन १० एमजी ९५ चक्की र पेयभोल एसपास प्लस २०८ क्याप्सुल फेला परेको थियो ।

त्यसै गरी काँकरभिट्टा स्थित मेची पुलमा लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी

वांकी ३ पेजमा...

## योगदान पुऱ्याएको भन्दै सम्मान

विराटनगर । रूद्र-गौरी, श्री-अम्बिका ओली प्रतिष्ठानले मानव हित तथा सकारात्मक सामाजिक विकासमा अनुकरणीय र उल्लेख्य योगदान पुऱ्याएको भन्दै विशिष्ट महानुभाव र संस्थाहरूलाई पूर्व प्रधानमन्त्री तथा वरिष्ठ साहित्यकार लोकेन्द्र बहादुर चन्दले एक समारोह बिच नगदसहित पुरस्कृत गरिएको छ ।

प्रतिष्ठानद्वारा स्थापना गरिएको अक्षय कोषबाट हरेक दुई वर्षमा प्रदान गरिने ५ लाख राशिको श्रीप्रसाद ओली स्मृति प्रज्ञान पुरस्कार पहिलो पटक नेपालको अर्थ व्यवस्थाको संस्थागत सुधारमा योगदान पुऱ्याएवापत नेपाल राष्ट्र बैंकका प्रथम गभर्नर काठमाडौंका हिमालय शम्सेर जवरालाई प्रदान गरिएको छ ।

विगत नौ वर्षदेखि प्रदान गरिँदै आएको १ लाख एक हजार १ सय ११ राशिको रूद्रप्रसाद ओली राष्ट्रिय कृषि पुरस्कार खोटाङ जिल्लामा जीवन उपयोगी व्यावहारिक ज्ञानसहित व्यावसायिक कृषिलगायतका विषयमा शिक्षा प्रदान गरी श्रमप्रति सम्मान गर्ने प्रवृत्ति विकासका गर्न अनवरत रुपमा कृषि विज्ञ मदन राईको नेतृत्वमा स्थापित ललितपुरस्थित 'सुभद्रा-मदन फाउन्डेसन' र कृषि पेसामा यान्त्रीकरणका माध्यमाबाट उत्पादकत्व अभिवृद्धि, विद्यमान

वांकी ३ पेजमा...

## धमाधम राजीनामा दिँदै वहालवाला जनप्रतिनिधी

विराटनगर । वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा उम्मेदवार बन्नका लागि विराटनगरम महानगरपालिका लगायत देशभरीका पालिकाहरुको जनप्रतिनिधिहरुले धमाधम राजीनामा दिनथालेका छन् ।

विराटनगर महानगरपालिकाका वडा अध्यक्ष सहित ४ दर्जनभन्दा वढीले राजीनामा बुझाएको विराटनसगर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उमेश बस्नेतले वताएको छ ।

राजीनामा दिने प्रतिनिधी हरुमा विराटनगर महानगर पालिका वडा नं. ४ का देवेन्द्र पोखरेल, ५ का मीनकुमार आचार्य, ७ का मधुबाबु तिवारी, ९ का विश्वनाथप्रसाद भगत, १० का माधवराज वाग्ले, ११ का तिर्थेन्द्र न्यौपाने, १२ का हिरालाल कामत, १३ का झरिलाल महतो, १४ का बलदेव यादव, १५ का अस्लम आलम, १७ का समीर कमर, १८ का ( कार्यवहाक अध्यक्ष) राजदेव यादव र १९ का बद्रीनारायण सरदारले राजीनामा दिईसकेको छ ।

राजीनामा दिने वडाध्यक्ष सहित वडा सदस्यहरुको संख्या ५६ पुगेको हो । बस्नेतका अनुसार २०७४ सालको स्थानीय तह निर्वाचनमा निर्वाचित भएका सबैले राजीनामा दिएपछि विराटनगर का ५ वटा वडा जनप्रतिनिधि विहीन बनेका छन् ।

विराटनगर-४, ५, १७, १८ र १९ नम्बर वडाका सबै जनप्रतिनिधिले राजीनामा दिएको छ । पहिलेकाले राजीनामा दिइसकेका कारण अबको स्थानीय तह निर्वाचनबाट चुनिएर आएपछि मात्रै वडाहरुले नयाँ

वांकी ३ पेजमा...

## यूनियनको अहिलेसम्मकै ठूलो राशीको अक्षयकोष

खेमराज सापकोटा

इटहरी । नेपाल प्रेस युनियन सुनसरीले प्रेस युनियनको इतिहासमा अहिलेसम्मकै ठूलो राशिको अक्षयकोष र पुरस्कार स्थापना गरेको छ ।

युनियन सुनसरीले एस जी अर्गनाइजेसनसंगको समन्वयमा पाँच लाख राशीको अक्षयकोषको स्थापना गरेको हो । इटहरीमा शनिवार आयोजित एक कार्यक्रमका बीच प्रेस युनियन सुनसरीका सभापति पवन अधिकारी र एसजी अर्गनाइजेसनका तर्फबाट अध्यक्ष शिव घिमिरेका प्रतिनिधिले साझेदारी पत्रमा हस्ताक्षर गरेका छन् ।

सुनसरी युनियनले उक्त अक्षयकोष मार्फत प्रत्येक वर्ष जनही एकाउन्न हजार एक सय रुपैयाँका दरले एक जना पत्रकारलाई पुरस्कार दिने भएको छ। त्यसैगरी, सोही संस्थासंगको सहकार्यमा प्रत्येक वर्ष राष्ट्रिय स्तरमा कार्यरत एक पत्रकारलाई एक लाख एक हजार राशिको गोविन्द खेम कुमारी राष्ट्रिय पत्रकारिता पुरस्कार प्रदान गर्ने कार्यक्रममा जानकारी दिइएको छ ।

युनियन सुनसरीका सभापति

वांकी ३ पेजमा...






क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## अन्तराष्ट्रिय...

होटल हिमालयमा यो बिषयमा अन्तरक्रिया गरिएको छ । कार्यक्रममा १ सय १८ चिकित्सक सहभागि थिए ।

इन्टरनेटका माध्यमबाट पनि १ सय ७५ जना सहभागि भएको आयोजकले जनाएको छ । सम्मेलनका लागि विश्वविद्यालय अनुदान आयोगले पनि सहयोग गरेको थियो ।

## स्थानीय...

गठबन्धन एमालेको शक्तिसँग डराएको वहाँको भनाई थियो ।

एमालेले घोषणापत्रमा यातायात पूर्वाधार, एकीकृत बस्ती, योजनाबद्ध सहरी विकास, विकसित पालिका, सुरक्षित आवास, आर्थिक वृद्धि, स्वदेशमै रोजगारी कार्यक्रमलाई समेटेको छ । सो पार्टीले राष्ट्रिय रजनीतिलाई सही बाटोमा फर्काउन स्थानीय तहको निर्वाचनमा आफूहरुले जित्नैपर्ने दावी गरेको छ । यसैवीच, एमालेका ७ सय ५३ वटै स्थानीय कमिटीले प्रतिवद्धतापत्र सार्वजनिक गरेका छन् ।

## धमाधम...

जनप्रतिनिधि पाउने छन् ।

प्रमुख प्रशासकीय अधिकृत बस्नेतका अनुसार रिक्त रहेको अवस्थामा जनप्रतिनिधिको जिम्मेवारी वडाका कर्मचारीलाई दिनुपर्ने नियम छ । नियमअनुसार जिम्मेवारी वडा सचिवलाई दिइने प्रावधान छ ।

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा उम्मेदवार बन्न बहालवाला जनप्रतिनिधिले अनिवार्य राजीनामा दिनुपर्ने निर्वाचन आयोगको आचार संहितामा भएको व्यवस्थालाई सर्वोच्च अदालतले सदर गरेपछि जनप्रतिनिधिले धमाधम राजीनामा दिन थालेका हुन् ।

आसन्न निर्वाचनमा पुन: उम्मेदवार बन्न चाहने जनप्रतिनिधिले राजीनामा दिन थालेको छ । स्थानीय तहको चुनाउमा भाग लिन बैशाख ११ गते उम्मेदवारी दर्ता हुने छ ।

## यूनियनको...

पवन अधिकारीका अनुसार रु। ५१ हजार एक सय राशिको गोविन्द खेम कुमारी सृजनशील पत्रकारिता पुरस्कार सुनसरीमा रहेर समाजको हितमा कलम चलाउने पत्रकारलाई प्रदान गरिने छ ।अधिकारीका अनुसार नेपाल प्रेस युनियनले देशभर प्रदान गर्ने पुरस्कारहरु मध्ये यो पुरस्कार देशकै सबैभन्दा ठुलो राशिको पुरस्कार हो । ब्यवसायी घिमिरेले आफ्ना बुबा आमाको स्मृतिमा प्रेस युनियन सङ्गको सहकार्यमा अक्षय कोषका लागि सो रकम प्रदान गरेका हुन ।

सम्झौता पत्र अनुसार अर्गनाईजेसनले प्रत्येक वर्ष अर्गनाइजेसनको औद्योगिक व्यापारिक प्रतिष्ठान मार्फत वार्षिक एक लाख एक हजार गोबिन्द खेमकुमारी स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कारका लागि उपलब्ध गराउने उल्लेख छ। त्यसगरी, अक्षयकोषका लागि ५ लाख रुपैयाँ एकमुष्ट जम्मा गर्ने र त्यसबाट प्राप्त ५१ हजार एक सय रुपैयाँको गोबिन्द खेम कुमारी स्मृति सृजनसिल पत्रकारिता पुरस्कार सुनसरीमा कृयाशिल रहेर पत्रकारिता गर्ने पत्रकारलाई प्रदान गरिने छ ।

अर्गनाइजेसनका तर्फबाट निर्देशक सुदिप घिमिरेले संस्थाले सामाजिक उत्तरदायित्व अन्तरगत सञ्चारकर्मीसँग सहकार्य गरेको बताए । पत्रकारका हक हितका लागि निरन्तर काम गर्दै आएको लोकतान्त्रिक संस्था युनियनले गरेको यो काम प्रशंसा योग्य रहेको नेपाल प्रेस युनियन सुनसरीका पूर्व सभापति एवं पत्रकार महासङ्घ सुनसरीका पूर्व अध्यक्ष कृष्ण अधिकारीले बताए । उनले युनियनले पत्रकार महासङ्घले गर्नुपर्ने कामहरू गर्दै आएको बताए ।

पत्रकार महासङ्घका केन्द्रीय सदस्य अमर खड्काले संस्थाले पैसालाई उपयोगी ठाउँमा लगानी गरेको बताउँदै युनियनका युवा नेतृत्वले त्यसलाई उपयोगी गराउने बताए । नेपाली काँग्रेसका महाधिवे शन प्रतिनिधि रोहित प्रसाईंले पनि युनियन सुनसरीले सञ्चार कर्मीका लागि उल्लेख्य काम गरेको बताए ।

प्रसाईंले आफ्ना स्व। बुबा आमाका नाममा युनियन सुनसरीको भवन निर्माणका लागि जग्गा प्रदान गरेका छन् । केही दिन अघि प्राप्त जग्गामा युनियन सुनसरी भवन निर्माणको प्रक्रियालाई अगाडि बढाएको छ ।

## योगदान...

अधिक श्रम तथा समय खर्चिने परिपाटीमा सुधार गर्न सानादेखि ठुला कृषि औजारसमेत उत्पादन गरी देशको कृषि क्षेत्रमा तथा अर्थतन्त्रमा टेवा पुऱ्याए बापत काठमाडौंस्थित 'चन्द्रा गिरी मेशिनरी उद्योग'का सञ्चालक गोविन्द भक्त श्रेष्ठलाई संयुक्त रुपमा प्रदान गरिएको छ ।

त्यसैगरी १ लाख १ हजार १ सय ११ राशिको गौरादेवी स्मृति राष्ट्रिय आदर्श आमा पुरस्कार अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलाई पुनर्स्थापना तथा सेवा, महिलाहरूको आर्थिक सशक्तीकरण, पारिवारिक स्वास्थ्य सेवा, प्राकृतिक तथा सामाजिक प्रकोपका पीडितहरूको उद्धार, सामाजिक कुसंस्कारविरुद्धको अग्रसरता साथै धार्मिक अनुष्ठानहरूमा पुऱ्याउनु भएको योगदान बापत काठमाडौं कि निवासी युवती खड्का केसीलाई र सोही राशिको अम्बिका ओली स्मृति राष्ट्रिय साहित्य तथा पत्रकारिता पुरस्कार विगत साढे चार दशक देखि निरन्तर नेपाली साहित्यको विकासमा क्रियाशील हुनुभई नेपाली साहित्यको श्रीवृद्धिमा उल्लेख्य भूमिका निर्वाह गर्दै आउनुभएका कवि, कथाकार, निबन्धकार, समालोचक र नाट्यकर्मी मोरङ विराटनगरका विवश पोखरेललाई पुरस्कृत गरिएको थियो ।

रूद्र-गौरी, श्री-अम्बिका ओली प्रतिष्ठानद्वारा काठमाडौंस्थित नेपाल पर्यटन बोर्डको सभाकक्षमा आयोजित नवौं पुरस्कार वितरण समारोहलाई प्रमुख अतिथि पूर्व प्रधानमन्त्री तथा वरिष्ठ साहित्यकार लोकेन्द्र बहादुर चन्द, विशिष्ट अतिथिद्वाय पूर्व मन्त्री भद्र घले, वरिष्ठ पत्रकार भैरव रिसाल, काठमाडौं विश्वविद्यालयका पूर्व उपकुलपति प्रा.डा. सुरेशराज शर्मा, नेपाल प्रज्ञ प्रतिष्ठानका उपकुलपति डा.जगमान गुरुङ र पाँचै जना पुरस्कृत व्यक्तिले सम्बोधन गर्नुभएको थियो । पुरस्कार वितरण समारोह प्रतिष्ठानका अध्यक्ष गंगाप्रसाद ओलीको सभापतित्वमा सम्पन्न भएको थियो ।

## लागुऔषध...

टोलीले चेक जाँचको क्रममा बुढानिलकण्ठ नगरपालि का वडा नं. २ काठमाण्डौका ३९ बर्षीय मोहन बहादुर पाईजा मगरको साथबाट २८ ग्राम ५०० मिलिग्राम ब्राउन सुगर बरामद गरेको थियो ।

प्रतिबन्धित लागुऔषध सहित पक्राउ परेका तीनै जनाको थप अनुसन्धान भईरहेको छ ।





### हावाहुरीबाट बचौं र बचाऔं

*हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।*

- *घरको संरचना बलियो बनाऔं,*
- *हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,*
- *छानालाई राम्ररी चोके (हुक) तथा तारले कसेर बाँधौं,*
- *क्षतमा गमला सुरक्षित रूपमा राखौं,*
- *जस्तापाता लगायतका बस्तुहरू खुल्ला र जथाभावी नछोडौं,*
- *हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,*
- *सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,*
- *हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।*

**नेपाल सरकार, विज्ञापन बोर्ड**

### अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरूमा जानकारी गराउँदछौ ।

#### हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१


### विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### महिलालाई पछाडि नपारौं

*नेपालमा रहेको तीन तह मध्ये स्थानीय तहको निर्वाचन बैशाख ३० गते गर्ने घोषणा भई सकेको छ । सोही घोषणा अनुरुप ११ गते आईतवार राजनीतिक दलहरु र स्वतनत्रहरु उम्मेदवारी दर्ता गराउने भएको छ । जसको लागि राजनीतिक दलहरुलाई उम्मेदवार छान्न सकस परेको छ । अझ भन्ने हो भने पाँच दलिय गठवन्धले महिलाको सुरक्षित सिट पनि यसपालि असुरक्षित भएको देखिन्छ । पहिलो निर्वाचन २०७४ मा गाउँ पालिकाको अध्यक्ष पुरुष भए उपाध्यक्ष महिला अनुवार्य गरेको थियो तर सत्ता पक्षको गठवन्धमा अध्यक्ष उपाध्यक्ष दुवै सिटमा पुरुष नै हावी भएको देखिन्छ ।*

*स्थानीय निर्वाचनको तथ्यांकअनुसार गाउँपालिका अध्यक्ष ११, उपाध्यक्ष ४ सय २४, नगर प्रमुख ७, उपप्रमुख २ सय ७६ पदमा महिला निर्वाचित भएका छन् । त्यतिबेला पनि उम्मेदवारी दिँदा अध्यक्ष वा उपाध्यक्ष अथवा प्रमुख वा उप्रमुखमध्ये एक महिला अनिवार्य उम्मेदवारी दिन दलहरूलाई संवैधानिक बाध्यता थियो । केही बाहेक चुनावमा भाग लिएका अधिकांश दलले त्यो संवैधानिक बाध्यताको पनि उल्लंघन गरे । गाउँपालिकामा ४ सय २४ उपाध्यक्षमा महिला जित्न सक्छन् भने अध्यक्षमा ११ महिला मात्र किन ? अथवा उप्रमुखमा २ सय ७६ महिला जित्न सक्छन् भने प्रमुखमा ७ मात्र किन ? यी यस्ता खालका धेरै सवालहरु छन ।*

*लोकतन्त्रको गहना निर्वाचन हो निर्वाचनमा सवैले समान अधिकार पाउनु पर्ने हो । महिलाहरुको प्रतिनिधित्व कराउन राजनितीक दलहरू कुनै पनि वहानामा महिलालाई पछाडी पार्नु हुँदैन । संविधानले दिएको अधिकारवाट अझ प्रस्कृत गर्न सकिन्छ तर पछाडी पार्नु भनेको संविधानका वर्खिलाफ जानु हो । गठवन्धनले गर्दा यसपालि महिलाको संख्या खट्ने देखिन्छ । समयमै महिला दिदी वहिनीहरु सचेत हुन आवश्यक छ । अन्यता महिलालाई पनि राजनीतिक दलहरुले भोटबैंक मात्र वनाउँछ ।*

# स्थानीय तहका कस्तो नेतृत्व छान्ने ?

बलराम सापकोटा

सामूहिक उद्देश्य प्राप्तिका लागि व्यक्ति अथवा समूहका क्रियाकलापलाई प्रभावित पार्ने कार्यलाई नेतृत्व भनिन्छ । समाजका मुद्दा र विषयहरूको उठान गर्ने व्यक्ति नेता हो । नेता व्यक्ति हो भने नेतृत्व सामूहिक विषय हो । कुनै पनि सामूहिक उद्देश्य प्राप्त गर्न असल, सक्षम र दूरदर्शी नेता हुन अत्यन्त जरुरी हुन्छ । सामूहिक उद्देश्य प्राप्त गर्न र समाजलाई सही र प्रगतिको बाटोमा डोऱ्याउन नेतृत्वको महत्त्वपूर्ण भूमिका रहन्छ । नेतृत्व प्रभावकारी र समग्र समाजलाई प्रगतिको पथमा डोऱ्याउन सक्ने विशेष खुबी भएको हुनुपर्छ ।

हामी प्रत्येक व्यक्ति आफैमा नेता हौं, जसले प्रत्यक्ष अप्रत्यक्ष रूपमा नेतृत्व गरिरहेका हुन्छौं । कोही आफ्नो घर परिवारको त कोही आफ्नो कार्यालय वा आफ्नो व्यवसायमा राम्रो प्रस्तुति दिएर कुशल व्यवस्थापन गरेर नेता बनिरहेका हुन्छन् । दलमार्फत देशको नेतृत्व गर्नेहरू राजनीतिक नेतृत्व हुन् । यस आलेखमा राजनीतिक असल नेतृत्वको बारेमा चर्चा गरिएको छ ।

राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक आन्दोलनका अलग अलग नेता हुन सक्छन् तर सबैको मूल भनेको राजनीतिक नेतृत्व नै हो । समाजको वर्तमान राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाबाट समाजलाई प्रगतिको बाटो देखाउन सक्ने व्यक्ति नै नेता हो । हामीलाई लाग्न सक्छ असल नेता ऊ हो, जो राम्रो र चर्को स्वरमा बोल्न सक्छ, राम्रो लेख्न सक्छ र जतिखेर पनि सिद्धान्त र विचारका मात्र कुरा गर्छ । तर सत्य यो होइन । असल नेता हुन यी गुणहरू मात्र भएर पुग्दैन । नेतामा केही विशेष गुण हुनैपर्छ । ती गुणहरू बलियो इच्छाशक्ति, तत्काल निर्णय लिन सक्ने क्षमता, आत्मविश्वास, अभिप्रेरित गर्न सक्ने, जिम्मेवारी र उत्तरदायित्वको बोध गर्न सक्ने, प्रभावकारी सञ्चार सीप र त्यागको भावना । नेता अरू भन्दा फरक हुनैपर्छ । नेता समाजको पथप्रदर्शक हुन् । नेताको व्यवहार, आनीबानी, रहन सहन, खानपिन र चालचलन सबैले समाजलाई प्रभावित पारी रहेको हुन्छ ।

नेताले लिएको लक्ष्यले उ कति ठूलो नेता हो भनेर निर्धारण गर्छ, उसको पछाडि लागेको भीडले होइन । समाजलाई राम्ररी बुझेको र समाजमा भिजेको, विषयवस्तुमा राम्रो दखखल भएको, सबैलाई समान व्यवहार गर्न सक्ने, लक्ष्य र कामप्रति सधैँ उत्प्रेरित भइरहने, सबैको कुरा सुन्ने अनि मात्र आफ्नो कुरा राख्ने र ईमान्दार व्यक्ति मात्र असल नेता हुन सक्छ । नेपालमा अहिले यस्तै नेताको खाँचो छ ।

मतदान नेता चयन गर्ने एउटा प्रक्रिया हो । निर्वाचित भइसकेपछि आफूलाई सबै मतदाताको प्रतिनिधिको रूपमा प्रस्तुत गर्न सक्नुपर्छ, न कि आफूलाई मतदान गरेको मतदाताको मात्र प्रतिनिधिको रूपमा । नेपालमा मतदान पश्चात् पनि विरोधीकै रूपमा हेर्ने र व्यवहार गर्ने चलन रहेको छ । साथै नेपालका नेताहरू चर्चा कमाउनैका लागि विपक्षीलाई गाली गर्ने, पुरै गर्न नसक्ने आश्वासन बाँड्ने र देश र जनताको आवश्यकता भन्दा आफ्नो फाइदामा ध्यान दिएर काम गर्ने गरेका छन्, जुन नेतामा हुनु पर्ने गुणमा पर्दैन ।

अर्को कुरा नेपाली नेताहरूमा त्यागको भावना त छँदै छैन । नेताहरूले दुरदृष्टि राखेर होइन, आआफ्नो गुट, पार्टीका कार्यकर्ता र सस्तो लोकप्रियतालाई केन्द्रमा राखेर काम गर्ने गरेका कारण नेपाल अहिलेको हालतमा पुगेको हो । नेपालको अवस्थामा सुधार ल्याउन मतदाताले असल प्रतिनिधिको छनौट नगरी हुँदैन । मतदाताले शासक छान्ने होइन, सेवक छान्नु पर्छ । जनताले यस्तो नेतृत्वको चयन गर्नु पर्छ, जसले आफ्ना मतदाताको मात्र नेतृत्व गर्ने होइन, सम्पूर्ण मतदाताको नेतृत्व गर्न सकोस् ।

स्थानीय तहको निर्वाचन मिति तोकिएसँगै सहरदेखि गाउँसम्म चुनावी सरगर्मी बढेको छ । राजनीतिक दलहरू चुनावको तयारीमा केन्द्रित भएका छन् । दलहरू चुनाव जित्न पार्टी प्रवेश गराउनेदेखि तालमेलको तयारीमा तीव्र गतिमा जुटेका छन् । उम्मेदवारका आकाङ्क्षीहरू टिकटको दाबी गर्दै उम्मेदवारी घोषणा गर्ने वा आफ्ना समर्थकबाट गराउने दौडमा दौडिँदै छन् । मतदाताहरूको पनि राजनीति र चुनावप्रति आकर्षण बढ्दो छ । मतदातामा आफ्नो प्रतिनिधि छान्न उत्साह आउनु स्वाभाविक हो । मतदाताहरू आफ्नो प्रतिनिधि छान्न उत्साहित हुनु पनि पर्छ, तर सचेत हुन पनि त्यति नै आवश्यक छ ।

निर्वाचनमा हरेक दलले आफ्ना नीति, कार्यक्रम, विचार र उम्मेदवार राम्रो मात्र होइन, उत्कृष्ट रहेको दलिल पेश गर्ने र मतदातासँग मत माग्ने गर्छन् । तर जनताको मत पाएर निर्वाचित भइसकेपछि चुनावको क्रममा मतदातासँग गरेका वाचाहरू पुन: अर्को निर्वाचन नआउन्जेल सम्झँदैनन् । दलहरूले नै मतदातालाई दलीय चिरामा बाँड्ने गर्छन् । तर तिनै दलहरू निर्वाचन जित्नका लागि विचार र सिद्धान्त नै नमिल्ने दलहरूसँग चुनावी तालमेल गर्छन् । साथै अर्को पार्टीमा हुँदासम्म विभिन्न लाञ्छना र आरोप लगाएकै पात्रलाई चुनाव जित्नकै लागि पार्टीमा स्वागत गर्ने र टिकट समेत दिने गरेका छन् ख। त्यही पात्र पार्टीमा छँदा सम्म उत्कृष्ट हुन्छन् र पार्टी परित्याग गरेपछि कामै नलाग्ने र आरोपित हुन पुग्छन् । दलहरूको यस्तै द्वन्द्व चरित्र र रवैयासँग आम मतदाताहरू सचेत रहन अति आवश्यक भैसकेको छ ।

संविधानले स्थानीय सरकारलाई धेरै अधिकार दिएको छ । यसको सही प्रयोग गर्न जानेमा र गरेमा मात्र जनताले सिंहदरवार जनताको घरघरमै आएको महसुस गर्न पाउने छन्, नभए यो नारा दलहरूको घोषणा र दस्तावेजमै सीमित रहने छ । संविधानले परिकल्पना गरेको सुविधा स्थानीय तहबाटै पाउन दलहरूले सक्षम उम्मेदवार उठाउन जति जरुरी छ, । मतदाताहरूले पनि सक्षम उम्मेदवारलाई मतदान गरेर जिताउन त्यति नै जरुरी छ । व्यक्ति नेतृत्व गर्न सक्षम छ भने मतदाताहरूले त्यस्तो उम्मेदवारको जात, समुदाय, पार्टी आदि हेरि राख्नु पर्दैन । विना शर्त र कुनै किसिमको सङ्कोच नगरी त्यस्ता उम्मेदवारलाई मतदान गरी विजय गराउनु पर्छ । अनि मात्र स्थानीय सरकारले सक्षम नेतृत्व पाउन सक्छ । जबसम्म मतदाताहरू पार्टी, जात, समुदाय र हाम्रा मान्छे भनेर मतदान गरिरहन्छन्, गाउँ गाउँमा सिंहदरवार आउनेवाला छैन ।

स्थानीय निकाय: विगतदेखि वर्तमानसम्म

नेपालको संविधान २०७२ अनुसार स्थानीय तह भन्नाले पालिका र जिल्ला हो । पालिका एक भौगोलिक तथा शासकीय तह हो, जसको कार्यकारिणी अङ्ग र व्यवस्थापकीय अङ्ग हुन्छ । जिल्ला समन्वय समितिले जिल्ला भित्रका पालिकाहरुबीच समन्वय गर्ने कार्य गर्दछ । जिल्ला विकास समितिले गर्दै आएको कार्यकारिणी कार्यहरू अब पालिका स्तरबाट हुन्छ । जिल्ला समन्वय समिति भूमिका खासै छैन । संविधानको धारा ५६ अनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको छ । नेपालको राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले यस संविधान र कानुन बमोजिम गर्नेछन् भन्ने उल्लेख गरिएको छ ।

नेपालमा स्थानीय निकायको व्यवस्था लिच्छवी र किराँत काल अर्थात करिब पाँच हजार वर्ष अघिदेखि नै सुरु भएको देखिन्छ । जंगबहादुर राणाले ६९ प्रशासनिक इकाइ बनाएका थिए । वीर शम्शेरले ३२ जिल्ला बनाए । २००६ सालमा गाउँ पञ्चायत ऐन आयो । २००७ सालको क्रान्ति कालमा १७१ गाउँ पञ्चायत गठन भएका थिए । २०१३ सालमा ७ क्षेत्र ३२ जिल्ला र ७६ उपक्षेत्र कायम गरिएको थियो । २०१७ सालमा राजा

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नेछ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# नोविलमा खेलकुद महोत्सव

विराटनगर । विराटनगर स्थित नोबेल मेडिकल कलेजमा 'नोबेल स्पोर्टस फियस्टा' सुरु भएको छ । एमवीवीएस १३ औं व्याच, बीडीएस ८ औं व्याच र बीएस्सी नर्सिङ ८ औं व्याचले संयुक्त रुपमा स्पोर्टस फियस्टा अर्थात खेलकुद उत्सव आयोजना गरेका हुन् ।

कलेजका प्रिन्सिपल डा.रामहरी घिमिरेले पानसमा बत्ती बालेर खेलकुद उत्सव उद्घाटन गरेका छन् । कार्यक्रमलाई संवोधन गर्दै प्रिन्सिपल डा. घिमिरे, नर्सिङ डाइरेक्टर निलम झा, अन्तर्राष्ट्रिय शैक्षिक निर्देशक डा. निरञ्जन कुमार र डा. दिपेन्द्र नौलखाले स्वस्थ जीवनका लागि खेलकुदको महत्वपूर्ण भूमिका हुँने भन्दै खेलकुद उत्सव सफलताको शुभकामना दिए ।

सात दिनसम्म सञ्चालन हुँने फियस्टामा फुटबल, भलिबल, क्रिकेट, कवडी, ब्याडमिन्टन, टेबलटेनिस, टगअफवार, चेस, लुडो क्यारेम र म्याराथन खेल हुनेछन् । त्यस्तै पब्जी, फिफा र मिनिमिलेसिया जस्ता अनलाइन खेल हुनेछन् । यता, महिलातर्फ क्रिक्सल र फुटसल खेलाइने आयोजकले जनाएको छ । कार्यक्रममा हाडजोर्नी विभागका प्रमुख डा. उदयचन्द्र चौधरीले खेलकुद उत्सवको सहयोगार्थ नगद पाँच हजार सहयोग प्रदान गरेका छन् ।

नोबेलका विद्यार्थीहरुले हरेक बर्ष स्पोर्टस फियस्टा गर्दै आएका छन् । नोबेलमा डीएम एमसीएच, एम्डी, एमएस, एमबीबीएस, बीडीएस, बीएस्सी नर्सिङ, बीएनएस, बीपीटी, ल्याव टेक्निसियन, रेडियोग्राफी, डेन्टल हाईजिन र डिफार्म संकायमा करिव १ हजार ६ सय विद्यार्थी अध्ययनरत छन् ।

## मोटर साईकल चोरीमा संलगन ४ जना प्रहरीद्धारा पक्राउ



विराटनगर । मोरङको बिराटनगरबाट मोटरसाईकल चोरीमा संलग्न ४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बिराटनगर महानगरपालिका वडा नं. ९ का ४० बर्षीय मो.ताहिर अन्सारी र सोहि स्थानका २९ बर्षीय मो. आलम रहेका छन् ।

सोमबार बिराटनगर महानगरपालिका वडा नं. ७ मा पार्किङ गरी राखिएको को ४ प ९७२५ नम्बरको टि.भि.एस. कम्पनिको मोटरसाइकल चोरी गरी भारत तर्फ लैजाने क्रममा पक्राउ गरिएको थियो ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले चोरी भएको मोटरसाईकल सहित उनीहरुलाई पक्राउ गरेको हो पक्राउ परेका दुबै जनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

त्यसैगरी जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ९ मा पार्किङ गरेको को २० प ५०१० नम्बरको टि.भि.एस. कम्पनीको मोटरसाईकलचोरी भएको थियो ।

चरीमा संलग्न जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १२ बस्ने वर्ष २६ को राज कुमार कामत र वर्ष २० को प्रबिन मण्डललाई आइतवार चोरीको मोटरसाईकल सहित पक्राउ गरी सम्मानित मोरङ जिल्ला अदालतबाट चोरी कसूरमा दिन ४ (चार) म्याद थप गरी थप अनुसन्धान कार्य भई रहेको छ ।






## हार्दिक बधाई तथा शुभकामना



जिल्ला मोरंग विराटनगर महानगरपालिका वडा नं. ८ प्रगती विनायक टोल निवासी अमिता शर्मा र परिकौली वडा नं. ९ महोत्तरी निवासी कंचन झाको २०७९ साल बैशाख ४ गते आइतवार दिन बैवाहिक जीवनमा बाधिएकोले वैवाहिक जीवनको सफलताको कामना गर्दै हार्दिक बधाई तथा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नानी : गंगा देवी सुतिहार,
मामा/माईजु :- जयनारायण सुतिहार-राधादेवी सुतिहार, शिवनारायण सुतिहार-सरस्वती देवी सुतिहार, ललिता देवी सुतिहार, सुरेन्द्र प्रसाद सुतिहार-मंजु सुतिहार, घनश्याम सुतिहार-विमला सुतिहार, आनन्द सुतिहार-मंजु सुतिहार, श्याम सुन्दर सुतिहार-मंजु शर्मा, मौसा/मौसी : - बालेश्वर सुतिहार-लिला देवी सुतिहार, शिवलाल मिस्त्री-कला देवी सुतिहार, दाजु/भाउजू : संजय सुतिहार-पिंकी सुतिहार, अभिनाश सुतिहार, भाई/बहिनी अरुण सुतिहार, पंकज सुतिहार, धर्मेन्द्र सुतिहार, सचिन सुतिहार, श्रेय शर्मा, उपेन सुतिहार, मंजिल शर्मा, एवं समस्त सुतिहार परिवार

**एवम्**
**क्राईम अपरेशन साप्ताहिक परिवार, विराटनगर**

## लागुऔषध सहित एक पक्राउ

विराटनगर । मोरङको बिराटनगर महानगरपालिका वडा नं. १५ स्थितबाट प्रतिबन्धित ब्राउन सुगर सहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा काठमाण्डौ महानगरपालिका वडा नं. २ का ३६ बर्षीय राजु महर्जन रहेको छ । शुक्रवार इलाका प्रहरी कार्यालय रानी र लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरको प्रहरी टोलीले चेक जाँचको क्रममा भारतबाट नेपाल तर्फ आउदै गरेका महर्जनको साथबाट १० ग्राम ९८ मिलिग्राम ब्राउन सुगर र नाईट्रोसन २० चक्की बरामद गरेको थियो ।

लागुऔषध सहित पक्राउ परेका महर्जनको सम्मानित मोरङ जिल्ला अदालतबाट लागुऔषध कसुरमा म्याद थप गरी थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## फेरी भेटौला कार्यक्रम सम्पन्न

बिराटनगर । नेपाल सरकार गृहमन्त्रालयको चैत ३० गतेको पत्रले प्रहरी बरिष्ठ उपरीक्षक पदबाट प्रहरी नायव महानिरीक्षक पदमा बढुवा हुनु भई दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रममा सरिक हुन जान लाग्नु भएका प्रहरी नायव महानिरीक्षक राजेन्द्र प्रसाद चौधरीलाई १ नम्वर प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.को प्रमुख आतिथ्यतामा बिदाई तथा फेरी भेटौला कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा पदोन्नति तथा बिदाई भई जान लाग्नु भएका प्रहरी नायव महानिरीक्षक राजेन्द्र प्रसाद चौधरीलाई प्रदेश प्रहरी प्रमुख अरुण कुमार बि.सी.ले बधाई तथा शुभकामना दिनु हुदै मायाको चिनो प्रदान गर्नु भएको थियो । कार्यक्रममा सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## मुद्दाको फरार प्रतिवादी पक्राउ

बिराटनगर । १ नम्वर प्रदेश प्रहरी कार्यालय बिराटनगर रिट समुहबाट खटिएको प्रहरी टोलीले लागुऔषध मुद्धाका फरार प्रतिवादीलाई पक्राउ गरको छ ।

पक्राउ पर्नेमा सुनसरी धरान उपमहानगरपालिका वडा नं. १९ का ३६ बर्षीय सुरज भन्ने सरोज राईलाई बुधवार पक्राउ गरेको थियो ।

लागुऔषध मुद्धमा सम्मानित उच्च अदालत बिराटनगरको २०७३ साल भाद्र ५ गतेको फैसला आदेशले १ बर्ष १० महिना २७ दिन कैद र १ लाख रुपैया जरिवाना भई कैद तथा जरिवाना बेरुजु रहि असुल गर्न बाँकी रहेको थियो ।

राईको खोज तलासमा खटिएको प्रहरी टोलीले गाउँघरमा नै लुकी छिपी बसेको अवस्थामा पक्राउ गरिएको थियो । पक्राउ परेका राईलाई सम्मानित सुनसरी जिल्ला अदालतबाट कैद भुक्तानको लागि झुम्का कारागार चलान गरिएको छ ।

**क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक**


### गाउँपालिकाको हार्दिक अनुरोध

- *सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं ।*
- *बालश्रमको प्रयोग नगरौं ।*
- *आफ्नो घरपरिसरमा कम्तिमा दुईवटा बहुवर्षिय रुख विरुवा रोपौं ।*
- *भूकम्प प्रतिरोधि घर निर्माण गरौं ।*
- *अनुपति लिएर मात्र पसल, व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।*
- *धर्म, संस्कृति र भाषाको संरक्षण गरौं ।*
- *सार्वजनिक स्थलमा फोहर नफालौं । गाउँलाई सफा राखौं ।*
- *महिला हिंसा अन्त्यका लागि आ-आफ्नै गाउँबाट काम गरौं ।*
- *जेष्ठ नागरिकलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।*

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १


## जलवायू परिवर्तन र प्रदुषण सम्बन्धी नाटक



विराटनगर । नृत्य नाटक 'एस्फिक्सिया' शुक्रबार देखि शिल्पी थिएटर, बत्तीसपुतलीमा मञ्चन शुरु भएको छ । बेल्जियमका मेरियन ल्याम्बर्ट र ट्याटियाना रोसिग्ननद्वारा निर्देशित यस नाटकमार्फत कलाकारहरुले जलवायु परिवर्तन र प्रदूषणका बारेमा जनचेतना जगाउने कोसिस गरेका छन् ।

१५ जना कलाकारहरू मञ्चमा प्रदूषण र जलवायु परिवर्तनको बारेमा विभिन्न दृश्य र अभिनयको माध्यमबाट दर्शकलाई जनचेतना फैलाउने कोसिस गरेका छौ सह-निर्देशक मारियन ल्याम्बर्ट भन्छिन् । मलाई आशा छ कि तपाईंहरु नाटक हेरेर नाटकका कुरा व्यवहारमा उतार्नु हुनेछ वहांको भनाई थियो ।

एस्फिक्सिया भनेको हावाबाट निसास्सनु हो जसले सास फेर्न समस्या निम्त्याउँछ । धुलो, प्रदुषण र जलवायु परिवर्तनका बारेमा धेरै पटक नेपालीहरुसँग यही विषयमा गम्भीर रुपमा छलफल हुन्छन् । किनभने एसिया जलवायु परिवर्तनबाट प्रभावित हुने पहिलो महादेश हो ।

हावाको गुणस्तर मापनका आधारमा काठमाडौं विश्वको छैटौं प्रदूषित सहर हुन पुगेको थियो । त्यस्तै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार वायु प्रदूषणका कारण वर्षेनी ३७ हजारभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ ।

नाटकलाइ अझ राम्रो बन्नौना नाटकका टोलीले पुनः प्रयोग गरिएका प्लास्टिकको झोला, प्लास्टिकका बोतलहरू र दैनिक फोहोरहरू प्रयोग गरेर ब्याकड्रप, सेट र पोशाकहरू सफलतापूर्वक निर्माण गरेका छन् ।

तातियानाले थप्छिन्, 'हामीले सामाजिक विषयलाई लिएर रोचक भिजुअलमार्फत मञ्चन हुने छौ जुन नेपाली दर्शकमाझ चाखलाग्दो हुनेछ ।

शो पछी, निर्माण टोलीले समस्याहरू बारे कुरा गर्न र मानिसहरूको घरमा रहेको प्लास्टिकलाई कसरी रिसाइकल गर्ने भनेर सिकाउन कार्यशाला पनि आयोजना गर्दैछ । तीन दिन मात्रै चल्ने नाटक आइतबार सम्पन्न हुनेछ ।

## स्टार्टअप एण्ड आईडिया फेस्टमा ३० भन्दा बढीको सहभागीता



विराटनगर । प्रदेश स्तरीय चौंथो स्टार्टअप आईडिया फेस्ट तथा डिजिटल सम्वाद ३.० एक नम्बर प्रदेशमा सम्पन्न भएको छ ।

लिभिङ विथ आईसीटी र आईसीटी फाउण्डेसन नेपालको सहकार्यमा सोमबार विराटनगर स्थित उद्योग संगठन मोरङको हलमा आयोजना भएको उक्त कार्यक्रममा प्रदेशका ३० भन्दा धेरै स्टार्टअप तथा आईडियाहरु सहभागी भएका थिए ।

फेस्टसँगै आयोजना भएको आईडिया पिचिङ सेसनमा नवप्रवर्तनमा आधारित १८ ओटा स्टार्टअप तथा आईडियाले आफ्नो प्रोजेक्ट पिच गरेका थिए । यी मध्ये ७ ओटा आईडिया र स्टार्टअप 'इन्क्युबेसन' का लागि छनौट भएका छन्, जसमा फूड डेलिभरी ईकमर्श क्विकर फुड उत्कृष्ट स्टार्टअपको रुपमा चयन भएको छ भने अन्य ६ कम्पनी ट्रेड नेपाल अनलाइन, क्युरा हेल्थ, क्रिप्स मिडिया ल्याब, ब्लड कनेक्ट, हेल्लो एम्बुलेन्स, स्टेम स्किल चयन भएका छन् ।

प्रदेशबाट चयन भएका सातैओटा स्टार्टअप र आईडियालाई 'विजनेस इन्कुबेसन' का लागि काठमाडौं लगिने र सम्भावित लगानीकर्ता बाट लगानी जुटाउन सहयोग गरिनेछ ।

त्यससँगै डिजिटाइजेसन र विद्युतीय सुशासनको एजेण्डामाथि हुने प्रादेशिक नीतिगत बहस श्रृंखला डिजिटल प्रदेश सम्वाद पनि विराटनगरमा सम्पन्न भएको छ ।

संवादको प्यानलमा प्रदेश योजना आयोगका उपाध्यक्ष डा. पूर्ण कुमार लक्सम, बेलबारी नगरपालिकाका मेयर ज्ञानेन्द्र सुवेदी, पूर्वाञ्चल विश्वविद्यालयका सहायक प्राध्यापक तथा परिक्षा उपनियन्त्रक अजय कुमार शाह, पायोनियर ईलेक्ट्रोकेबल प्रालीका सीईओ अनिल सारदा, डेल्टा टेक तथा आरके गोल्छा ग्रुपकी निर्देशक एकता गोल्छा, तथा योङ माईण्ड्स प्रालिका संस्थापक डा. अभिजित गुप्ता रहेका थिए ।

कार्यक्रममा मदन भण्डारी पोलिटेक्निक विश्वविद्यालयका डिन डा. प्रचण्ड मान प्रधान, उद्योग संगठन मोरङका अध्यक्ष सुयेश प्याकुरेल, मुख्मन्त्री तथा मन्त्री परिषद् कार्यालयका सचिव कृष्ण प्रसाद सापकोटा लगायत विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

संवाद सेसनमा प्रदेश १ का सूचना प्रविधि तथा ईगभर्नेन्स विज्ञ निरज दाहाल र सारथी टेक्नोसफ्ट तथा पूर्वाञ्चाल डिजिटल मिडिया टेक्नोलोजिज प्रालीका संस्थापक प्रभास आचार्यले डिजिटाइजेसनको अवस्था र कार्यदिशाका बारेमा प्रस्तुती दिएका थिए ।

गण्डकी प्रदेशबाट सुरु भएको स्टार्टअप एण्ड आईडिया फेस्ट तथा डिजिटल सम्वाद कार्यक्रम यसअघि लुम्बिनी र मधेश प्रदेशमा सम्पन्न भइसकेको छ । बाँकी अन्य तीन प्रदेशमा जेठको पहिलो साताबाट कार्यक्रम सुरु हुनेछ ।




# अबैद्ध लत्ताकपडा बरामद

विराटनगर । मोरङको छुट्टाछुट्टै दुई स्थानबाट प्रहरीले भन्सार छली, चोरी पैठारी तथा राजश्व चुहावट गरी ल्याएको अबैध लत्ताकपडा र सामान प्रहरीले बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले बिशेष सुचनाका आधारमा विराटनगर महानगरपालिका वडा नं. ७ स्थितबाट अबैध रुपमा भन्सार छली चोरी पैठारी तथा राजश्व चुहावट गरी प्लाष्टिकको बोरामा प्याक गरेर फरक फरक समयमा बिभिन्न प्रकारको लत्ता कपडा लुकाई छिपाई राखेको १५ लाख १ हजार ७ सय मुल्य बरावरको सामान बरामद सोमवार बरामद गरिएको थियो ।

बरामद गरीएको लत्ताकपडा आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय इटहरी सुनसरीमा बुझाएको छ भने बिराटनगर महानगर पालिका वडा नं. १६ स्थितबाट ४ लाख ९ हजार बराबरको समान बरामद गरी भन्सार कार्यालय रानी विराटनगरमा बुझाएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको थियो ।

# लागुऔषध सहित दुइ जना पक्राउ

झापा । झापाको मेचीनगर नगरपालिका वडा नं. ६ स्थितबाट प्रतिबन्धित लागुऔषध ब्राउनसुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मेलम्ची नगरपालिका वडा नं. १० सिन्धुपाल्चोक घर भई झापा विर्तामोड नगरपालिका वडा नं. ८ स्थित नवदुर्गा सुनचाँदी पसल संचालन गरी बसेका २८ बर्षीय सविन गोले तामाङ र आठराई गाउँपालिका वडा नं. ७ तेह्रथुम घर भई विर्तामोड-८ स्थितमा अटो टेम्पो ग्यारेज संचालन गरी वसेका २७ बर्षीय धन बिर बराल रहेका छन ।

सोमबार इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भारतबाट नेपाल तर्फ आउदै गरेका तामाङ र बरालको साथबाट ६ ग्राम ब्राउन सुगर बरामद गरेको थियो ।

प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित पक्राउ परेका दुबै जनाको इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट थप अनुसन्धान भईरहेको छ ।

# अन्तराष्ट्रिय सम्मेलन सम्पन्न

विराटनगर । मेरुदण्डको शल्यक्रिया सम्बन्धि अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौंमा सम्पन्न भएको छ । काठमाडौं मेडिकल कलेजसँग सहकार्य गरेर नेपाली न्यूरो सर्जरी समाजले दुई दिने सम्मेलन आयोजना गरेको थियो ।

सम्मेलनमा नेपालसहित अमेरिका, जर्मनी, पोर्चुगल, टर्की, क्यानडा, चीन, रसिया, भारत लगायत देशका न्यूरो सर्जनहरु सहभागि थिए । सम्मेलनको पहिलो दिन केएमसीको दुवाकोट अस्पतालमा 'क्याडेभरिक' अभ्यास गराइएको छ । नयाँ चिकित्सक हरुलाई दुरविनको माध्यमबाट मेरुदण्डको शल्यक्रिया गर्ने सीप सिकाउँन शवमाथि नै अभ्यास गर्ने गरी प्रयोगात्मक प्रशिक्षण दिइएको थियो ।

यस्तो प्रशिक्षण नेपालमै पहिलो पटक गरिएको केएमसीका बरिष्ठ न्यूरो सर्जन प्रा.डा.अमित थापाले वताए । उनका अनुसार इण्डोस्कोपिक विधिबाट मेरुदण्ड को अप्रेशन सम्बन्धि प्रशिक्षणमा अहिलेसम्म नेपालमा शवमा अभ्यास गराएर सिकाइएको थिएन ।

सहभागिहरुलाई केएमसीका बरिष्ठ न्यूरो सर्जन प्रा.डा.थापा र प्रा.डा.माल्कम पेस्टोनजीले सीप सिकाएका छन् ।

प्रयोगात्मक प्रशिक्षणपछि

वांकी ३ पेजमा...


## गाउँपालिकाको हार्दिक अनुरोध

- *सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं ।*
- *बालश्रमको प्रयोग नगरौं ।*
- *आफ्नो घरपरिसरमा कम्तिमा दुईवटा बहुवर्षिय रूख बिरूवा रोपौं ।*
- *भूकम्प प्रतिरोधि घर निर्माण गरौं ।*
- *अनुपति लिएर मात्र पसल, व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।*
- *धर्म, संस्कृति र भाषाको संरक्षण गरौं ।*
- *सार्वजनिक स्थलमा फोहर नफालौं । गाउँलाई सफा राखौं ।*
- *महिला हिंसा अन्त्यका लागि आ-आफ्नै गाउँबाट काम गरौं ।*
- *जेष्ठ नागरिकलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।*

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १


# चैत महिनाको सर्वोत्कृष्ट प्रहरीमा खड्का र अधिकारी

बिराटनगर ।१ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले दुई जना प्रहरी कर्मचारीहरुलाई चैत्र महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित गरेको छ ।

प्रदेश प्रहरी कार्यालयको रिट समुहमा कार्यरत प्रहरी सहायक निरीक्षक ज्ञानु खड्का र जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी हवल्दार गुणराज अधिकारीलाई २०७८ साल चैत्र महिनाको सर्वोत्कृष्ट प्रहरी घोषणा गरिएको छ ।



प्रदेश प्रहरी कार्यालयको रिट समुहमा कार्यरत प्रहरी सहायक निरीक्षक ज्ञानु खड्का र जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी हवल्दार गुणराज अधिकारी

विभागिय मुल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी दमक तथा ईटहरीमा बिष्फोटन जन्य पदार्थहरु राखी आम नागरीहरुलाई आतंकित बनाउने समुहलाई पक्राउ गर्न महत्वपुर्ण भुमिका निर्वाह गरेको थियो ।

प्रहरी द्धयले व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रही उच्च मनोवल र साहसका साथ आफ्नो कर्तब्य निर्वाह गरी अपराध अनुसन्धानको क्षेत्रमा विशेष योगदान पुऱ्याएको थियो ।

साथै माघ ९ गते झापा जिल्लाको विर्तामोड बस स्टेण्डमा, १३ गते झापा जिल्लाको दमक शिवान चर्चमा हिमाल सुरक्षा परिषदका पर्चाहरु सहित सर्वसाधारणलाई त्रसित बनाउन बिष्फोटक पदार्थ प्रेशर कुकर बम राखेको र चैत १४ गते राती सुनसरीको इटहरी उपमहानगर पालिका वडा नं. २ स्थित अमित श्रेष्ठको घर कोठामा अन्यत्र बिष्फोटन गराउने उदेश्यले विष्फोटक पदार्थ लुकाई छिपाई राखेको अवस्थामा विष्फोट भएको घटना सम्बन्धमा अनुसन्धान गरेको थियो ।

अनुसन्धानबाट खुलेका मुख्य योजनाकार तथा संलग्न व्यक्तिहरुको पहिचान गरी निजहरुलाई पक्राउ तथा कानूनी कारवाहीको दायरामा ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गरेको थियो । आम नागरिकहरुमा सुरक्षाको अनुभूति हुने गरी नागरिक समक्ष प्रहरीको छवि उच्च बनाउने तर्फ प्रशंसनीय कार्य गरेकोले १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर दरबन्दी भइ रिट समुहमा कार्यरत प्रहरी खड्का र इलाका प्रहरी कार्यालय झापा दरबन्दी भई जिल्ला प्रहरी कार्यालय झापामा कार्यरत प्रहरी हवल्दार अधिकारीलाई सम्पादित कार्यको उच्च मुल्याङकन गर्दै सर्वोत्कृष्ट प्रहरी घोषणा गरिएको हो ।

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङकन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ । सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको बिवरण सहितको फ्लेक्स प्रिण्ट १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगर तथा प्रदेश प्रहरी अन्तरगत रहेका इलाका प्रहरी कार्यालय "क" स्तरसम्मका प्रहरी कार्यालयहरु मा १ महिना सम्म राखिदै आईएको छ ।




# स्थानीय ...

महेन्द्रद्वारा संसदीय व्यवस्था भङ्ग गरी निर्दलीय पञ्चायती व्यवस्था स्थापना गरी १४ अञ्चल र ७५ जिल्ला स्थापित गरियो । पञ्चायती व्यवस्थाको सुरुवात पछि पुराना गढी, गोश्वारा खारेज गरिए । जिल्ला पञ्चायत, नगर पञ्चायत, अञ्चल पञ्चायत र गाउँ पञ्चायतलाई प्रशासकीय इकाई कायम गरियो । बहुदलीय राजनीतिक व्यवस्थाको सुरुवात भएपछि २०४९ सालमा र २०५४ सालमा प्रचलित कानुनअनुसार स्थानीय निकायको निर्वाचन सम्पन्न भयो । नेपाल सरकार मन्त्रिपरिषद्को २०७३ फागुन २२ को स्थानीय तह पुन:संरचना सम्बन्धी निर्णय फागुन २७ मा राजपत्रमा प्रकाशित भएपछि स्थानीय तहको व्यवस्था लागु भएको हो ।

नयाँ संविधान जारीपछि स्थानीय तहको पहिलो निर्वाचन २०७४ सालमा सम्पन्न भयो र आगामी वैशाख ३० गतेका लागि दोस्रो निर्वाचनको मिति तोकिएको छ । स्थानीय तहको अहिलेको संरचनाअनुसार देशभरि ७७ जिल्ला सभा, ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगर पालिका, ४६० गाउँ पालिका, ६७४३ वडा कायम रहेको छ । स्थानीय क्षेत्रको शान्ति सुरक्षा, विकास एवं प्रशासन स्थानीय क्षेत्रकै निर्वाचित प्रतिनिधिद्वारा सञ्चालन गर्ने सरकारलाई स्थानीय सरकार भनिन्छ ।

स्थानीय सरकार स्थानीय संस्थाबाट गरिने शासन हो, जसमा जनताबाट निर्वाचित प्रतिनिधि हुन्छन् । केन्द्रीय सरकारको सामान्य नियन्त्रण र निर्देशन भए पनि तोकिएको विषयमा आफ्नो क्षेत्रभित्र स्थानीय सरकारको पूर्ण अधिकार र उत्तरदायित्व हुने गर्दछ । केन्द्रीय सरकारले समग्र देश र स्थानीय सरकारबीच समन्वय र नियन्त्रण गर्दछ भने स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र समन्वय र नियन्त्रण गर्दछ ।

स्थानीय स्तरमा जनचाहना अनुरूपका आवश्यकता पूर्ति गर्ने, स्थानीय नेतृत्वको विकास गर्ने, स्थानीय तहमा छरिएर रहेको शक्तिलाई एकीकृत गरी परिचालन गर्ने, स्थानीय साधन, स्रोत, सीप, प्रविधि, क्षमता एवं अनुभवको अधिकतम परिचालन गर्ने, लोकतन्त्रको स्थानीय स्तरदेखि नै विकास गर्ने, स्थानीय जनतामा राजनीतिको व्यवहारिक ज्ञानको वृद्धि गर्ने, स्थानीय स्तरको योजना र विकास निर्माण व्यवस्थापन गर्ने, शासन व्यवस्थापनमा जनताको सहभागिता प्रवर्द्धन गर्ने, जनतालाई स्थानीय स्तरमा नै सेवा सुविधा उपलब्ध गराउने, स्थानीय तहबाट नै सुशासनको स्थापना गर्ने लगायतका स्थानीय सरकारले गर्नुपर्ने कार्यहरू रहेका छन् ।

राज्य शक्तिको प्रयोग तीनवटै तहबाट एकल तथा संयुक्त ढंगले हुने गरी संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा विभिन्न तहका अधिकारहरु बाँडफाँट गरिएको छ । तिनै अधिकारहरूको प्रयोग गरेर स्थानीय सरकारले पनि शान्ति सुरक्षा, सुशासन, विकास र समृद्धिको लागि स्थानीय जनताको आकांक्षा पुरा गर्नु पर्ने हुन्छ ।

स्थानीय तहमा के के छ अधिकार ?

स्थानीय तहलाई करिब २ दर्जन बढी अधिकार दिइएको छ । जसमा स्थानीय कर उठाउनेदेखि नगर प्रहरी, सहकारी संस्था, एफएम सञ्चालन, स्थानीय सेवाको व्यवस्थापनसम्म पर्छ । त्यस्तै स्थानीय तथ्याङ्क र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण र जैविक विविधता संरक्षण, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ व्यवस्थापन आदि पर्छन् । यी बाहेक गाउँसभा, नगरसभा, जिल्लासभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, घर जग्गा धनी पूर्जा वितरण, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी व्यवस्थापन पनि पर्छन् । त्यस्तै, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, बेरोजगारीको तथ्याङ्क संकलन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा, विपद् व्यवस्थापन, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासको अधिकार संविधानले दिएको छ ।

बलियो स्थानीय निकाय, निबर्लिया जनप्रतिनिधि

अहिलेको स्थानीय तह पहिलेको स्थानीय निकाय जस्तो प्रशासनिक इकाई मात्र होइन । अहिलेको स्थानीय तहलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका तीनवटै अधिकार दिइएको छ । यति अधिकार भएको स्थानीय तहको नेतृत्व जो केहीले गर्न सम्भव छैन । स्थानीय तहको नेतृत्व गर्न विषयवस्तुको राम्रो ज्ञान, अनुभव, समाजमा भिजेको, समाजलाई बुझेको, निष्ठा र इमान्दारिता हुन अत्यन्त जरुरी छ । मतदाताले पनि यस्तै उम्मेदवारलाई मतदान गरेर विजय गराई स्थानीय तहको नेतृत्वमा सक्षम व्यक्तिलाई पुऱ्याउनु पर्ने हुन्छ । यसको लागि दलहरूले पनि साम, दाम, दण्ड र भेदको नीति प्रयोग गरेर चुनाव जित्न खोज्ने व्यक्तिहरूलाई उम्मेदवार बनाउनुको सट्टा सक्षम र राजनीतिक निष्ठा भएको व्यक्तिहरूलाई उम्मेदवार बनाउनु पर्ने हुन्छ । अनि मात्र नेपालको संविधानले परिकल्पना गरेको र नेपाली जनताले देखेको सपना साकार हुनेछ । रातोपाटीबाट